नेपाल सरकार

# नेपाल खानेपानी संस्थान

प्रधान कार्यालय,त्रिपुरेश्वर ।

## विधुतीय सिलवन्दी प्रस्ताब आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०८१/०४/०१**

यस संस्थानका लागि चालु आ.व. २०८१/८२ का लागि विद्युतीय प्रस्तावद्वारा सुरक्षागार्ड सेवा करारमा लिनुपर्ने भएकाले इच्छुक इजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट निर्धारित शर्तहरुका परिधीमा रहि नियमानुसारका विद्युतीय प्रस्ताव आव्हान गरिन्छ।

१. प्रस्ताव फाराम रु. १०००/- (फिर्ता नहुने) नबिल बैंक, न्युरोड शाखामा तपसिलका खाता नं. तथा राजश्व खातामा जम्मा गरेका भौचर, म्यानपावर, सुरक्षा गार्ड आपूर्ती सम्बन्धि इजाजतपत्र, मु.अ. कर दर्ताप्रमाणपत्र , आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र वा म्याद थप पत्रका प्रतिलिपीहरु स्क्यान गरि सार्वजनिक खरिद अनुगमन कार्यालयको website www.bolpatra.gov.np/egp मा तोकिएका मिति तथा समयभित्र पेश गर्नुपर्नेछ।

    कार्यालयको नाम- **नेपाल खानेपानी संस्थान, प्रधान कार्यालय त्रिपुरेश्वर** ,
    बैंक खाता नं.- ०२०१०१७५००७४२, नबिल बैंक, न्युरोड शाखा

२. प्रस्तावसाथ तपसिलमा उल्लिखित धरौटी रकम रु. २५०००/- नेपाल खानेपानी संस्थान, प्रधान कार्यालय त्रिपुरेश्वरको नबिल बैंक, न्युरोड शाखास्थित बैंक खाता नं. ०२०१०१७५००७४२ को धरौटी खातामा जम्मा गरेको सक्कल वैंक भौचर वा प्रस्ताव दाखिला हुने अन्तिम मितिले कम्तीमा ७५ (पचहत्तर) दिनसम्मका म्याद रहेको सक्कल जमानीपत्र (**Bid Security**) पेश गर्नुपर्नेछ ।

३. इच्छुक सिलवन्दी प्रस्ताब/बोलपत्रदाताले मिति २०८१/०४/१६ गते दिनको १२:०० बजे भित्र विद्युतीय खरिद प्रणाली मार्फत बोलपत्र पेश गर्नुपर्नेछ।

४.सिलवन्दी प्रस्ताबमा उपस्थित हुन चाहने प्रस्ताबदाता वा निजको प्रतिनिधिको रोहबरमा यस संस्थानको, प्रधान कार्यालय त्रिपुरेश्वरमा मिति २०८१/०४/१६ गते दिनको १:०० बजे खोलिनेछ।

५. सुरक्षा गार्ड प्रत्येक दिनको २४ घण्टालाई ८/८ घण्टा गरि ३ सिफ्ट (**Morning, Evening & Night**) मा पालो मिलाई सार्वजनिक बिदाका दिनमा समेत ड्युटी गर्नुपर्नेछ। सुरक्षा गार्ड सप्लाई गर्ने कम्पनीले सुरक्षा गार्डलाई आफ्नो परिचय खुल्ने पोशाक साथ बन्दोबस्तिका सामान उपलव्ध गराउनुपर्नेछ । सुरक्षा गार्ड भुतपूर्व (भु.पू.) सैनिक, प्रहरी वा सुरक्षा गार्ड सम्बन्धि तालिम प्राप्त हुनुपर्नेछ ।

६. संस्थानमा खटाईने सुरक्षा गार्ड २० वर्ष देखि ४५ वर्ष भित्रका हुनुपर्नेछ । साथै श्रम नियमावली, २०७५ (संशोधन समेत) ले तोकेभन्दा कम तलव दिन पाईने छैन र प्रस्तावमा कबोल गन पाईने छैन। सो गरेमा प्रस्ताव स्वत रद्द हुने छ।

७. यस सूचनामा उल्लेख नभएका अन्य विषयहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ।

८.सिलवन्दी प्रस्ताब पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन प्रस्ताब पेश गर्ने र खोल्ने अन्तिम दिन कायम हुनेछ । त्यस्तो अबस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधी भने साविककै मितिदेखि गणना गरिनेछ।